**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८१/०३/१३

**भाग-२**

## "स्कुल बस निर्देशिका, २०८१

**जैमिनी नगरपालिका**

# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# स्कुल बस निर्देशिका, २०८१



स्वीकृत मिति २०८१।०३।१३

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ मा भएको प्रावधान अनुसार यस जैमिनी नगरपालिका भित्र सञ्चालित शिक्षण संस्थाहरुले विद्यार्थीहरु ओसारपसार गर्ने उद्देश्यले संचालनमा ल्याएका सवारी साधनहरुले दिने यातायात सेवालाई सुरक्षित, आरामदायी र भरपर्दो बनाउने उद्देश्यले जैमिनी नगरपालिकाको मिति २०८१।०३।१३ गते बसेको कार्यपालिकाको बैठकको निर्णयानुसार **सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२** ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगरपालिकाले यो "स्कुल बस निर्देशिका, २०८१ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस निर्देशिकाको नाम "स्कुल बस निर्देशिका, २०८१ रहेको छ ।

२) यो निर्देशिका जैमिनी नगर कार्यपालिकाबाट स्वीकृत भएको मितीबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "स्कुल बस" भन्नाले सामुदायिक, संस्थागत वा अन्य निकायबाट संचालित शिक्षण संस्थाहरुले विद्यार्थीहरु ओसारपसार गर्न प्रयोगमा ल्याएका आफ्नै वा भाडामा लिई संचालन गरेका सवारी साधनलाई सम्झनुपर्दछ । यो शब्दले माइक्रोबस, मिनिबस, भ्यान समेतलाई जनाउँदछ ।

ख) "ऐन" भन्नाले सवरी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनुपर्दछ ।

ग) "नियम भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनुपर्दछ ।

**३. स्कुल बसको मापदण्ड विद्यालयले आफ्ना विधार्थीहरुको सुरक्षित किसिमले ओसारपसार गराउन संचालन गर्ने स्कुल बस निम्न अनुसारको मापदण्डको हुनुपर्नेछ ।**

१) स्कूल बसको पहिचान निम्न मापदण्डको हुनुपर्नेछ ।

क) स्कूल वसले बाहिरको रंग पहेंलो **(GOLDEN YELLOW)** हुनुपर्नेछ ।

ख) स्कूल बसको अगाडि र पछाडि **"school bus"** कालो रंगले लेखिएको हुनुपर्नेछ ।

ग) यदि बस भाडामा लिएको भए र स्कूलको नाम सहित **"ON school duty"** लेखिएको व्यानर वा बसको अगाडि र पछाडि देखिने गरी **(school bus)** लेखिएको प्लेट हुनुपर्नेछ ।

घ) स्कूलको परिचय खुल्ने गरी १५० मि.मी. उचाइको गोल्डेन ब्राउन रंगमा स्कूलको नाम दुवैपट्टी झ्यालको लेभल भन्दा तल लेख्नुपर्नेछ ।

ङ) स्कूल वसमा काले रङमा बसको अगाडि र पछाडि निम्न "स्कुल बसको चिन्ह" लेखिएको हुनुपर्नेछ।

**२. स्कूल बसले निम्न अनुसारको भौतिक मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।**

क) आपतकालिन ढोका **(Emergency Exits):** सबै स्कूल बसहरुमा पछिल्लो आधा भागको दाहिनेतिर (**Emergency Exits)** को व्यवस्था हुनुपर्नेछ । यसका साथै बसको पछिल्लो भागमा हुने **(Emergency Exit Breakable Glass)** को हुनुपर्नेछ । **Emergency Exits** को तल्लो लेभल बसको भई सरहको र माथिल्लो लेभल झ्यालको माथिल्लो लेभल बराबर हुनुपर्नेछ ।

ख) सुरक्षाः स्कूल बस चलेको अवस्थामा सम्पुर्ण ढोका तथा **(Emergency Exit)** हरु बन्द गर्ने व्यवस्था गरी विधार्थीहरुको यात्रालाई सुरक्षित बनाउनुपर्नेछ ।

ग) झ्यालको ग्रिलः स्कूल बसको झ्यालमा कम्तिमा तीनवटा **Horizontal round metal/Round Aluminium Tube** को ग्रिल वसको दुवै साइडमा लगाएको हुनुपर्नेछ ।

घ) प्राथमिक उपचार बाकसः स्कूल बसमा देखिने ठाँउमा प्राथमिक उपचार बाकस **(First Aid Kits)** व्यवस्था हुनुपर्नेछ ।

ङ) अग्नि नियन्त्रण उपकरणः बसमा देखिने ठाँउमा अग्नि नियन्त्रण उपकरण **(Fire Extinguisher)** राखिएको हुनुपर्नेछ ।

च) फोहोरको व्यवस्थाः प्रत्येक स्कूल बसमा अनिवार्य रुपमा फोहोर फ्याक्ने टोकरी राखिएको हुनुपर्नेछ।

छ) बसको ढोकाको चुकुल (door lock) बसको ढोकामा भरपर्दो चुकुल प्रणाली भएको हुनुपर्नेछ ।

ज) बसको प्राविधिक जाँचपास सार्वजनिक सवारी साधन सरहको हुनुपर्नेछ ।

झ) झ्यालको सिसाः झ्यालको सिसामा कुनै पनि किसिमको रंग लेपन नगरी पारदर्शी हुनुपर्नेछ

ञ) बसको प्रवेशद्धारः स्कूल बसको प्रवेशद्धारको सबैभन्दा तल्लो सिढी जमिनदेखी ३०० मि.मि. भन्दा बढी हुनुहुदैन ।

ट) बसको सिटहरुको अवस्थाः बसको सिटहरुको अवस्था दुरुस्त हुनुपर्ने वा सिटको कुनैपनि भागवाट तिखो वा धारिलो बस्तु बाहिर निस्केको हुनुहुदैन ।

ठ) स्कुल व्याग तखताः स्कूल व्याग सुरक्षित किसिमले राख्नका लागि बस भित्र स्कूल व्याग तखताको व्यवस्था हुनुपर्नेछ ।

ड) बस सिटको रेखाङकन (Layout): सम्पुर्ण सिटहरु अगाडि फर्किएको (Forward facing) हुनुपर्नेछ। चढ्ने ओलर्ने सिढी (Step well) को छेउको सिटको अगाडि उचित किसिमको छेकबारको व्यवस्था हुनुपर्नेछ ।

**४. स्कुल बस परिचालनः** स्कुल बस परिचालको व्यवस्था हुनुपर्नेछ ।

**५. सिट संख्या र बसको क्षमताः** स्कुल बसले बसको सिट संख्या अनुसार देहायको संख्यामा विधार्थी ओसारपसार गर्न पाउने छन् :

क) १२ वर्षभन्दा मुनिका विधार्थीलाई बसको सिटको क्षमता भन्दा १.५ गुणा विधार्थी ओसारपसार गर्न सकिने छ ।

ख) १२ वर्ष भन्दा माथिका विधार्थीको हकमा सिट क्षमता बराबरको संख्यामा मात्र विधार्थी राख्नुपर्नेछ।

**६. स्कूल बसमा विधार्थीहरुको विवरणः**

क) प्रत्येक विधार्थीहरुको लागी स्कूल बसको नम्बर, रुट र विसौनी उल्लेख गरेको विधार्थीको तस्वीर सहितको परिचय पत्र जारी गरेको हुनुपर्नेछ ।

ख) बस चालकले विधार्थीहरुको पूर्ण विवरण सहितको सुची राख्नुपर्नेछ ।

ग) सुचीमा विधार्थीको नाम, ठेगाना, कक्षा, रक्त समुह, रोक्नुपर्ने बिसौनी उल्लेख हुनुपर्नेछ । घ) बसमा बस संचालनको मार्ग तालिका तथा समय सारिणी टाँस गरेको हुनुपर्नेछ ।

**७. बसको गति सीमित हुनुपर्नेः** स्कुल बस कुनै पनि किसिमले अधिकतम ३० कि.मि. (चालिस किलोमिटर प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाईने छैन ।

**८. बसको चिन्ह (Stop sign)** : बसको परिचालकले चाहिएको बेलामा विधार्थीहरुलाई ओराल्ने, चढाउने वा बाटो काट्ने प्रयोजनका लागी चाहिने ट्रफिक चिन्ह (Stop sign) बस भित्र राखिएको हुनुपर्नेछ ।

**९. धुम्रपान तथा मध्यपान गर्न नपाईनेः** स्कुल बसमा कसैले पनी धुम्रपान तथा मध्यपान गर्न पाईने छैना ।

**१०. बालश्रम निषेधः** स्कूल बस संचालनार्थ कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाईने छैन । **११. स्कूल बस चालक तथा परिचालक सम्बन्धि व्यवस्थाः**

क) स्कूल बसका चालक तथा परिचालक सम्बन्धी योग्यता वा अन्य मापदण्ड प्रचलित ऐन, नियम अनुसार हुनेछ

ख) स्कूल बसका चालक तथा परिचालकले सम्बन्धित स्कुलले तोके बमोजिमको पोशाक र परिचय पत्र अनिवार्य लगाउनु पर्नेछ ।

**१२. विद्यालयको दायित्वः**

क) अनुभवि चालकको व्यवस्था गर्ने।

ख) प्रत्येक विधार्थी एंव चालकलाई जान्ने गरि सामान्य ट्रफिक नियमका बारेमा समय समयमा जानाकारी दिनुपर्नेछ ।

ग) स्कूल बसको सार्वजनिक सवारी साधन सरह जाँचपास गराउनुपर्नेछ ।

घ) विद्यालयले भाडाका बस लिदा नियमित रुट (बाटो) बाहेक सवारी संचालन गर्नुपरेमा अनिवार्य रुपमा पटके रुट (बाटो) इजाजत लिएको हुनुपर्नेछ ।

ङ) विद्यालयले विधार्थी ओसारपसारमा प्रयोग हुने प्रत्येक स्कुलबसको यातायात व्यवस्था कार्यालयमा (दर्ता) गराई अध्यावधिक गराउनुपर्नेछ ।

च) बस सेवा सम्बन्धि गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नम्बर लेखेको हुनुपर्नेछ ।

**१३. सवारी चालकको दायित्वः**

क) सवारी चालक अनुमतीपत्र र सवारी साधनसँग सम्बन्धित सबै किसिमका कागजातहरु (सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजतपत्र, सवारी जाँचपास पत्र) साथमा राख्नुपर्नेछ ।

ख) तोके बमोजिमको पोशाक र परिचय पत्र लगाएको हुनुपर्नेछ ।

ग) चालकले कुनै पनी अन्य यात्रु, मालसामान र अनावश्यक व्यक्ति बोक्न पाइने छैन ।

घ) चालकले ट्रफिक नियमको पालना गर्नुपर्नेछ ।

ङ) सडकमा सवारी चलाउँदा अत्यावश्यक सेवाका सवारी साधनलाई प्राथमिकता दिनुपर्नेछ । च) चालकले सदैव एकजना परिचालक साथमै लिइ हिड्नुपर्नेछ ।

छ) चालकले कुनै अभिभावक विधार्थी लिन नआएमा विद्यालयको जिम्मा लगाउनुपर्नेछ ।

ज) सवारी चलाएको अवस्थामा मोबाईल वा इयरफोनको (**Earphone**) प्रयोग गर्न पाइने छैन ।

झ) कुनै पनि यौनजन्य दुर्व्यवहार नगर्ने नगराउने ।

**१४ अभिभावक र विधार्थीको दायित्वः**

**१) अभिभावकको दायित्वः**

क) सडक सुरक्षाका लागी अभिभावक र विधार्थी दुवैको बराबरी जिम्मेवारी हुनेछ ।

ख) विद्यालयले तोकेको बिसौनी र समयमा अभिभावकले विधार्थीहरुलाई पुर्याउनु तथा ल्याउनुपर्नेछ ।

ग) पुर्व प्राथमिक तहका विधार्थीहरुको हकमा अभिभावकले वैकल्पिक व्यक्तिलाई विधार्थी पुर्याउनु तथा लिन पठाउँदा परिचय खुल्ने प्रमाण दिएर पठाउपर्नेछ ।

घ) चालकले सवारी नियम तथा यस निर्देशिका विपरित सवारी चलाएको पाइएमा अभिभावकले तुरुन्त विद्यालय प्रशासन र नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ ।

ङ) अभिभावकले चालकसंग अनावश्यक विषयमा कुरा गर्ने र प्रभावमा पार्नु हुदैन ।

च) अभिभावकले अन्य विधार्थीलाई प्रभावमा पार्ने, अनावश्यक चासो राख्नुहुदैन ।

**२. विधार्थीहरुको दायित्वः**

क) आफु यात्रा गर्ने सवारी साधनमा फोहोर नगर्ने, आपसमा मिलेर बस्ने, झ्यालबाट फोहोर नफाल्ने र चालकसंग भद्र व्यवहार गर्ने दायित्व सम्बन्धित विधार्थीको हुनेछ ।

ख) चालकको सवारी नियम उल्लघंन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ ।

ग) ट्रफिक संकेत सम्बन्धि जानकारी राखी सवारी नियम पालना गराउन सम्बन्धित पक्षलाई सचेतना जगाउन मार्ग दर्शकको भुमिका निर्वाह गर्ने ।

**१५. अनुगमनः** यो निर्देशिका पालना गरे नगरेको विषयमा यातायात व्यवस्था विभाग वा मातहतका कार्यालयहरु व अधिकार प्रत्यायोजन भएको निकायहरुले अनुगमन गर्नेछन् ।

**१६. विविधः**

क) निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा देखिए यातायात व्यवस्था विभागको निर्णय अन्तिम हुनेछ ।

ख) निर्देशिकामा भएको व्यवस्थाहरु उल्लङ्घन गरिएको पाईएमा सवारी तथा यातायात व्यवस्था ऐन, नियम अनुसार कारबाही हुनेछ ।

ग) यो निर्देशिका अन्य कुनै प्रचलित कानुनसंग वाझिएको हकमा बाझिएको हदसम्म यो निर्देशिकाका प्रावधान अमान्य हुनेछन ।